आज मिति २०८२।०३।०८ गते आइतबारका दिन यस खोटेहाङ गाउँपालिकाको १५९ औं कार्यपालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

**<u>मिति २०८२ असार ०८ गते कार्यपालिकाको १५९ औं बैठकको प्रस्ताव</u>**

१) खोटेहाङ गाउँपालिकाको आ.व. २०८२।८३ वार्षिक समिक्षा
२) खोटेहाङ गाउँपालिकाको आ.व. २०८२।८३ को नीति, कार्यक्रम तथा बजेट
३) विनियोजन विधेयक, २०८२
४) आर्थिक विधेयक, २०८२
५) बेरुजु नियमित गर्ने सम्बन्धमा
६) कृषि उपजको भण्डारण गृह तथा शित गृह निर्माणको भेरिएसन सम्बन्धमा
७) विविध

**<u>निर्णयहरु</u>**

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको चालू आ.व. २०८१।८२ को हालसम्मको वार्षिक समिक्षा सम्बन्धमा पालिकाको चालू आ.व. २०८१।८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको हालसम्मको कार्यान्वयन अवस्था र त्यसबाट प्राप्त भौतिक साथै वितीय प्रगति समेत सन्तोषजनक रहेकोले कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी गाउँ सभामा छलफल र अनुमोदनको लागि पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## आ.व.२०८१/०८२ को वार्षिक समिक्षा

### पूर्वाधार तथा योजना शाखा

- सम्पूर्ण वडाहरुको वडा स्तरीय योजनाहरु सम्झौता भई ९० प्रतिशत काम समेत सम्पन्न भइसकेको।
- रसुवा पाँचधारे सडक संरचना निर्माणको रु १,३७,१०,२३१।९७(**अक्षरेपी एक करोड सैतिस लाख दश हजार दुईसय एकतिस रुपैया पैसा सन्तानब्बे मात्र**) मा लागत अनुमान तयार भई नितेश कन्स्ट्रक्सन प्रा.लि.सगँ रु ६२,७६,९७०।३९(**अक्षरेपी बैसठ्ठी लाख छयत्तर हजार नौ सय सत्तरी रुपैयाँ पैसा उनान्चालीस मात्र**) मा सम्झौता भई हाल काम सम्पन्न भईसकेको।
- ईन्द्रेणीपोखरी मा.वि., वडा नं. ६ र लक्ष्मी मा.वि., वडा नं. ९ को विद्यालय भवन निर्माणको रु ४०,११,०२०।५६(**अक्षरेपी चालिस लाख एघार हजार बीस रूपैयाँ पैसा छपन्न मात्र**) मा लागत अनुमान तयार भई नितेश कन्स्ट्रक्सन प्रा.लि. सँग
  रु २५,६९,७३४।१९(**अक्षरेपी पच्चीस लाख उनान्सत्तरी हजार सात सय चौतीस रुपैयाँ पैसा उन्नाईस मात्र**) मा सम्झौता भई हाल कार्य सम्पन्न भईसकेको।
- खोटेहाङ गाउँपालिकाको गाउँसभावाट विनियोजित पालिका ट्रस निर्माणको रु ३४,७२,२२६।१३ (**अक्षरेपी चौतिस लाख बहत्तर हजार दुई सय छब्बिस रुपैयाँ पैसा तेह्र मात्र**) मा लागत अनुमान तयार भई यस विल्डर्स प्रा.ली.ईटहरी ५ सुनसरी सँग
  रु २८,३७,२६७।०४(**अक्षरेपी अठ्ठाईस लाख सैतिस हजार दुईसय सठसठ्ठी रुपैयाँ पैसा चार मात्र**) मा सम्झौता भई हाल काम समेत सम्पन्न भईसकेको।
- कोशी प्रदेश सरकार र खोटेहाङ गाउँपालिकाबाट विनियोजित सिम्पानी क्याम्पस कभर्ड हल खोटेहाङ ८, सिम्पानी कभर्ड हल निर्माण रु ४०,३१,७२८।२५(**अक्षरेपी चालीस लाख एकत्तिस हजार सात सय अठ्ठाईस रुपैयाँ पैसा पच्चिस मात्र**) मा लागत अनुमान तयार भई शान्ति भुमी निर्माण सेवा प्रा.लि. सँग रु २६,८३,००८।५५(**अक्षरेपी छब्बिस लाख त्रियासी हजार आठ रुपैयाँ पैसा पचपन्न**) मा सम्झौता भई भेरिएसन सहित रु ३६,६६,७०७।९६(**अक्षरेपी छतिस लाख छैसठ्ठी हजार सात सय सात रुपैयाँ पैसा छयानब्बे मात्र**) मा काम सम्पन्न भई हाल संचालमा रहेको।
- रसुवा पाँचधारे सडक संरचना निर्माणको (दोश्रो ठेक्का) रु ७४,३९,३८१।४७ (**अक्षरेपी चौरहत्तर लाख उनान्चालिस हजार तिनसय एकासी रुपैयाँ पैसा सरचालीस मात्र**) मा लागत अनुमान तयार भई नितेश कन्स्ट्रक्सन

प्रा.लि. सँग रु ७३,९७,३४९।९१(अक्षरेपी त्रिहत्तर लाख सन्तानब्बे हजार तिन सय उनान्पचास रुपैयाँ पैसा एकानब्बे मात्र) मा सम्झौता भई हाल काम समेत सम्पन्न भईसकेको।

- सावाखोला मोटरेबल पुल रु ३,८८,३०,१४३।८७ भ्याट सहित) (अक्षरेपी तिन करोड अठासी लाख तिस हजार एक सय त्रिचालिस रुपैयाँ पैसा सत्तासी मात्र) बराबरको योजना आर्थिक वर्ष ०८०।८१ मा लागत अनुमान तयार भई अवाई-शुभ यण्ड धुर्व-श्याम जे.भी दित्केल सँग रु ३,०७,७३,५५८।१३(अक्षरेपी तिन करोड सात लाख त्रिहत्तर हजार पाँच सय अन्ठाउन्न रुपैयाँ पैसा तेह्र मात्र) मा सम्झौता भई हालसम्म करिब ३३ प्रतिशत काम सम्पन्न  भई बाँकी निर्माण कार्य भईरहेको छ।
- कृषि उपजको भण्डारण गृह तथा शित गृह (बहुवर्षिय योजना) निर्माणको रु ५,२९,९४,३६४। ८५(भ्याट सहित)(अक्षरेपी पाँच करोड उनान्तिस लाख चौरानब्बे हजार तिन सय चौसठी रुपैया पैसा पचासी मात्र) मा लागत अनुमान तयार भई आर यस-बि.के.यस.के.जे.भि,काठमाण्डौ सँग रु ४,२४,७६,८२२।३४ (अक्षरेपी चार करोड चौबिस लाख छयत्तर हजार आठ सय बाईस रुपैयाँ पैसा चौतिस मात्र) मा सम्झौता भई हालसम्म करिव ९५ प्रतिशत काम सम्पन्न भईसेको छ।
- पालिका स्तरीय खेल मैदान निर्माण (ईन्द्राणीपोखरी)को डि.पी.आर. लागि रु ९,९९,३७२ (अक्षरेपी नौ लाख उनान्सय हजार तिनसय बाईस रुपैयाँ मात्र) मा लागत अनुमान तयार भई रियल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी यण्ड कन्स्ट्रक्सन सँग रु ९,९६,६६०(अक्षरेपी नौ लाख छयान्बे हजार छ सय साठी रुपैयाँ मात्र) सम्झौता भई कार्य सम्पन्न भईसकेको।
- साना सिँचाई कार्यक्रम अन्तर्गत संन्चालित सम्पूर्ण योजनाहरुको सम्झौता सम्पन्न भई काम समेत सम्पन्न भइसकेको। त्यसमध्ये दुईवटा योजनाहरु (घारे खोला राजकुलो लिल्के पोखरे, खिकुखोला डाँडागाउँ सिँचाई योजना) क्रमागत योजनाको रुपमा आगामी आ.व. मा रुपान्तरण भएका छन् र आ.व. २०८२।०८३ मा संचालन गरिने नयाँ ३ वटा सिंचाइ योजनाहरुको सर्वे सम्पन्न भईसकेको।
- एक वडा एक खेलमैदान निर्माण कार्यक्रम अन्तर्गत वडा नं. ५ चिप्रीडमा सम्पन्न भएको छ ।

## आर्थिक प्रशासन शाखा:

- यस गाउँपालिकाको कुल बजेट रु ५८,२८,७३,०००(अक्षरेपी अन्ठाउन्न करोड अठ्ठाईस लाख त्रिहत्तर हजार मात्र) रहेकोमा हालसम्म वास्ताविक आय रु ४४,१६,८०,००० (अक्षरेपी चौवालीस करोड सोह्र लाख असी हजार मात्र) रहेको, जसमा चालू तर्फको खर्च ७४.८४ प्रतिशत र पुँजिगत तर्फको खर्च ५०.०३ प्रतिशत गरी समग्रमा खर्च ६८.१३ प्रतिशत रहेको छ।
- गाउँपालिकाको चालु आ.व. आन्तरिक राजश्व रु. ५६ लाख प्रक्षेपण गरिएकोमा हालसम्म रु ५८,००,०००।(अक्षरेपी अन्ठाउन्न लाख मात्र) जम्मा भएको छ।

## प्रशासन शाखा:

- व्यवसाय दर्ता, सघं-संस्था दर्ता, संस्था दर्ताको प्रमाणपत्र वितरण र नवीकरणका साथै गाउँपालिका भित्र स्थापना भएका "घ" वर्गका निर्माण व्यवसायीको संस्था साथै समितिहरुको दर्ता गर्ने कार्य निरन्तर भईरहेको छ, जसमा कृषि फर्म तथा अन्य विभिन्न व्यावसाय दर्ता चालु आ.व. मा १३ गरी हालसम्म जम्मा १६० वटा, चालु आ.व.मा १५ गरी हालसम्म जम्मा ४६ वटा संघ-संस्थाहरु र ३ वटा घ वर्गको निर्माण व्यावसाय दर्ता भएका छन्।
- खोटेहाङ गाउँ कार्यपालिकाको कार्यालयले कार्यालयको काममा एकरुपता, पारदर्शिता, चुस्त/दुरुस्त, नियमित र तोकिएको समयमा सेवा प्रवाहमा गर्नको लागि गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको नियमित बैठक बस्ने कार्य भएको।
- स्वीकृत दरवन्दी तेरिज बमोजिम रिक्त रहेको विभिन्न सेवा समूह, पद र तहमा विज्ञापन गरी आन्तरिक परीक्षा प्रणाली मार्फत पदपुर्ति गर्नुको साथै कर्मचारीहरुलाई आन्तरिक सरुवा र काममकाजमा खटाईएको।

- गाउँपालिका मातहत रहेका वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका कार्यालयहरुको अनुगमन एवं निरीक्षण गरी सेवा प्रवाहको अवस्थालाई बुझि थप सुधार के गर्न सकिन्छ भन्ने विषयमा आवश्यक सुझाव सल्लाह तथा पृष्ठपोषण दिने काम गरिएको ।
- स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने ऐन, कानुन र कार्यविधिहरुको निर्माण,आवश्यकताको आधारमा संशोधन/परिमार्जन तथा स्थानीय राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याईएको।
- इलाका प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, इलाका प्रहरी कार्यालयको समन्वयमा स्थानीय बजारहरुको समय-समयमा अनुगमन तथा निरीक्षण गरि म्याद नाघेका अखाद्य वस्तुहरु नष्ट गरी आम उपभोक्ताहरुको हितको लागि जनचेतना जगाउने कार्य भएको छ ।

स्वास्थ्य शाखा :

- आर्थिक वर्ष २०८०।८१ मा खोटेहाङ गाउँपालिको स्वास्थ्य क्षेत्रमा सम्पादित कामहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको।
- खेमा नेपाल, नेपाल मेडिकल कलेज, टिचिङ हस्पिटल, जोरपाटी, काठमाडौको प्राविधिक सहयोग र खोटेहाङ गाउँपालिकाको आयोजनामा यस खोटेहाङ गाउँपालिका भित्र आङ खस्ने समस्या भएका २८ जना महिलाहरुलाई नेपाल मेडिकल कलेज काठमाडौमा लगी १६ जना महिलाहरुलाई निःशुल्क शल्यक्रिया सेवा उपलब्ध गराईएको।
- नेपाल नेत्र ज्योति संघ खोटाङ, सगरमाथा चौधरी आँखा अस्पताल लहान, सिरहा र खोटेहाङ गाउँपालिकाको संयुक्त आयोजनामा खोटेहाङ गाउँपालिका वडा नं. ७ स्थित स्वास्थ्य चौकी खोटाङबजारमा ३ दिने निःशुल्क आँखा शिविरमा ६०४ जना नागरिकहरुले परिक्षणका लागि सहभागी जनाएका थिए भने त्यसमध्ये ९८ जना व्यक्तिहरुलाई निःशुल्क शल्यक्रिया सेवा उपलब्ध गराईएको।
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा तथा बच्चाको स्वास्थ्य अवस्थामा सुधार गर्ने उदेश्यले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत ६ जना नर्सिङ समुहका कर्मचारीहरुलाई गाउँपालिकाको खर्चमा दक्ष प्रसुति सेवा **एस.वि.ए (SBA)** तालिम र सोलुखुम्बु पोलिटेक्निकल एकेडेमीको सहकार्यमा जिल्ला अस्पताल उदयपुरमा १ जना नर्सिङ कर्मचारीलाई २१ दिने ग्रामिण अल्ट्रासाउण्ड तालिम रुस्जी (RUSG) प्रदान गरिएको।
- पोषण कार्यक्रम अन्तर्गत ६ देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई पहिलो चरणमा भिटामिन ए ११४२ जना र जुकाको औषधी अल्वेन्डाजोल १०३७ जना र दोश्रो चरणमा भिटामिन ए ८२९ जना र जुकाको औषधी अल्वेन्डाजोल ७५८ जनालाई खुवाउने कार्य सम्पन्न भएको छ। साथै बालबालिकाको पोषण लेखाजोखा गरी खोटेहाङ गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा समेत गरिएको।
- गाउँपालिका स्तरीय आधारभूत अस्पताल, इन्द्रेणीपोखरीमा ३ जना महिला र १० जना पुरुष सहित अकालमा मृत्यु हुने १३ जना ब्यक्तिलाई पोष्टमार्टम सेवा र रोग निदानलाई सहजता बनाउन आधारभुत अस्पताल ईन्द्राणीपोखरीवाट २९४ जनालाई भिडियो एक्स-रे सेवा प्रदान गरिएको।
- खोटेहाङ गाउँपालिकाका सबै वडाहरुमा मिति २०८१ माघ २३ देखि २५ गतेसम्म पाठेघरको मुखको क्यान्सर गराउने Human Papilloma Virus (ह्युमेन प्यापिलोमा भाईरस) विरुद्दको एच.पि.भी खोप सेवा अभियानको रुपमा सन्चालन गरि ६ कक्षा देखि १० कक्षा सम्म अध्ययन गर्ने ७९९ जना र बिद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका ६९ जना गरि जम्मा ८६८ जना किशोरीहरुलाई एच.पि.भी. खोप प्रदान गरिएको।
- चालू आ.व. २०८१।८२ मा कुकुर लगायत अन्य जनावरले टोकेका ७९ जना महिला र ७८ जना पुरुष गरि जम्मा १५७ जना व्यक्तिलाई रेविज विरुद्धको खोप प्रदान गरिएको।

- चालु आर्थिक वर्षमा जम्मा ४५ जना विरामिहरुलाई एम्बुलेन्स सेवा प्रदान गरिएकोमा स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेका १३ जना महिलाहरुलाई सुविधा सम्पन्न अस्पताल सम्म पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको ।

**महिला तथा बालबालिका शाखा :**

- चालू आ.व २०८१/८२ मा गाउँपालिका भित्र रहेका अपाङ्गता परिचय पत्र प्राप्त गर्न छुट भएका व्यक्तिहरुलाई प्रत्यक्ष रुपमा घरमै गई पूर्ण अशक्त अपाङ्गता (क वर्ग)११, अति अशक्त (ख वर्ग) १६, मध्यम (ग वर्ग) १ र सामान्य अपाङ्गता (घ वर्ग) ५ वटा गरी जम्मा ३३ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको।
- यस गाउँपालिका भित्रका ६० वर्ष उमेर पुरा भएका जम्मा २० जना ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गरिएको।
- खोटेहाङ गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत समाज विकासको आधार स्तम्भबाट सुरु गरेर संरचनामा परिमार्जन र परिवर्तन गर्दै विद्यमान अवस्थामा ल्याइपुर्याउने प्रतिनिधिको रुपमा रहेका ज्येष्ठ नागरिकको योग्यता, अनुभव, ज्ञान, सिप र क्षमताको सम्मान गर्दै गाउँपालिका भित्र रहेका ८० वर्ष माथिका जम्मा ३०० जना ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप न्यानो कपडा (ज्याकेट) वितरण गरिएको।
- खोटेहाङ गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत महिला जनप्रतिनिधि तथा आमा समूहको प्रभावकारी नेतृत्वका लागि अभिव्यक्ती कला, संम्प्रेषण क्षमता र आत्माविश्वास वृद्धि गर्नका लागि सहयोगी महिला समाज काठमाडौंको सहजीकरणमा ४१ जना महिला जनप्रतिनिधि र महिला समूहका पदाधिकारिहरुलाई उद्घघोषण सम्बन्धी तालिम प्रदान गरिएको छ।

- खोटेहाङ गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विपन्न तथा एकल महिलाहरुको व्यवसायिक सिप विकास गरि आत्मनिर्भर बनाउने हेतुले महिमा महिला मञ्चको सहजिकरणमा २८ जना महिलाहरुलाई अचार बनाउने सम्बन्धी सिप विकास तालिम प्रदान गरिएको।
- खोटेहाङ गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बालबालिकाको हक, अधिकारको संरक्षण र सम्वर्धन गरि बाल सहभागिता मार्फत बालमैत्री स्थानीय शासन घोषणा गर्न बाल क्लव गठन तथा दर्ता/सुचिकृत गर्न सरोकारवालाहरुसँग अन्तरक्रिया गरि खोटेहाङ गाउँपालिकाका ९ वटै वडामा वडास्तरीय वाल सञ्जाल र गाउँपालिकामा गाउँपालिका स्तरीय बालसञ्जाल गठन तथा दर्ता कार्यक्रम सम्पन्न भएको।
- पालिका भित्रका सम्पूर्ण विद्यालयमा अध्ययनरत १० वर्षमुनिका विद्यार्थिहरुको कार्यगत सिमितताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन गर्न बालबालिकामा हुनसक्ने अपाङ्गताको शिघ्र पहिचान गर्नका निमित्त विद्यालय बाट १ जना फोकल पर्सन तोकी तालीम दिइएको।
- २२ जना अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचारको लागि विभिन्न अस्पतालमा पठाइएको साथै १९ जना अपाङ्गता भएका व्यक्तिहरुलाई फिजियोथेरापी सेवा प्रदान गरिएको।
- अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार र समावेशी शिक्षाका बारेमा जानकारी गराई विद्यालय तथा पठनपाठन विधिलाई कसरी अपाङ्गतामैत्री बनाउन सकिन्छ भन्ने बारे जानकारी प्रदान गर्ने हेतुले खोटेहाङ गाउँपालिकामा संचालित ४९ वटै सामुदायिक विद्यालयका प्र.अ तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई तालिम संन्चालन गरिएको।

- पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको अभिभावक परिवारका सदस्य वा हेरचाह गर्ने व्यक्तिको हेरचाह तथा स्याहार सिप तथा क्षमता विकास गरि अपाङ्गता भएका व्यक्तिको दैनिक जिवनयापनमा सहजता ल्याउनका लागि २ दिवसिय हेरचाह सम्बन्धी तालिम कार्यक्रम संम्पन्न गरिएको।
- अपाङ्गता भएका व्यक्तिहरुको वडा स्तरीय गठन भएका मिलिजुलि समूहका पदाधिकारीहरुलाई मिलिजुली समूहका लागि जीविकोपार्जन सम्बन्धि गतिविधि सञ्चालन गर्न तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा बहस र पैरवि गर्न सक्षम बनाउने मिलिजुलि समूहमा आएको बीउ पूँजि परिचालन गर्न बचत, ऋण व्यवस्थापन तथा मिलिजुलि समूहमा वितरण गरिने ४ प्रकारको रजिष्टर सहि अभिलेख राख्ने हेतुले प्रत्येक वडाका ४ जना समूहका प्रतिनिधिलाई दुई दिवसिय तालिम संचालन गरिएको।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक सहयोगि सामग्रि प्रदान गरी दैनिक जिवनयापनका क्रियाकलापहरुमा सहजता ल्याई आत्मनिर्भरता बढाउन प्राथमिकिकरणका आधारमा देहायबमोजिम सहायक सामग्रिहरु खरिद प्रक्रिया सम्पन्न भएका छन् ।

तपशिल

| क्रस. | सहायक सामाग्रिको नाम | संख्या |
|---|---|---|
| १ | हेरीङ एड | ११ |
| २ | (ह्विल चियर) | ४ |
| ३ | ( क्रथेस) | ३ |
| ४ | (ह्राईट केन) | १ |
| ५ | (एल केन) | १० |
| ६ | (ट्रिपोड) | ३ |
| ७ | (केन) | १० |
| ८ | (वाल्कर) | २ |
| ९ | (टुवाईलेट चियर) | १ |

**पञ्जीकरण शाखा :**

- खोटेहाङ गाउँपालिकाभित्र चालू आ.व. २०८१।८२ मा हालसम्म प्रदान गरिएको सामाजिक सुरक्षा भत्ता तपसिल बमोजिम रहेको

| आ व | त्रैमासिक | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| २०८१/०८२ | प्रथम चौमासिक | २५२२ जना | २ करोड ३८ लाख ७३ हजार १ सय ७ रुपैंया। | |
| | दोस्रो चौमासिक | २५२७ जना | २ करोड ४० लाख ३६ हजार ६ सय २९ रुपैंया। | |
| | तेस्रो चौमासिक | २५१० जना | २ करोड ३६ लाख ७ हजार ४ सय ४८ रुपैंया | |
| | जम्मा | | ७ करोड १५ लाख १७ हजार १ सय ८४ रुपैंया। | |

- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई विभिन्न चरण गरेर जम्मा ३० जना दीर्घ रोगका बिरामीहरुलाई औषधि उपचार खर्च बापत मासिक रु.५००० का दरले हालसम्म जम्मा रकम रु १४,००,०००। (चौध लाख मात्र)भुक्तानी गरिएको।

बायोमेट्रिक डिभाईस खरिद तथा राष्ट्रिय परिचयपत्र दर्ता शिविर सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्रमा आधारित औंठाछाप प्रमाणीकरणको लागि डिभाईस खरिद गरि शिविर सञ्चालन गरिएको छ, शिविरमा हालसम्म तपसिल बमोजिम सेवा प्रवाह गरिएको छ ।

| वडा नं | नेपाली नागरिकताको प्रमाणपत्र वितरण | राष्ट्रिय परिचयपत्र विवरण दर्ता र परिचयपत्र नम्बर वितरण | औंठाछाप प्रमाणीकरण |
|---|---|---|---|
| १ | ५२ | ६५ | ७० |
| २ | ५४ | ६४ | ११८ |
| ३ | ५२ | ६७ | १२६ |
| ४ | - | - | ९० |
| ५ | - | - | ९५ |
| ६ | २३ | ४१ | १५५ |
| ७ | | | ११७ |
| ८ | - | - | २३० |
| ९ | - | - | ५७ |
| जम्मा | १८१ | २३७ | १०५८ |

**प्रधानमन्त्री रोजगार कार्यक्रम :**

- खोटेहाङ गाउँपालिका चालू आ.व. २०८१/८२ मा कामका लागि पारिश्रमिक युवारुप (युवा रुपान्तरणका लागि पहल आयोजना) कार्यक्रम र नेपाल सरकार सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिहरुका लागि कुल ज्याला रकम रु. ४३ लाख ८० हजार प्राप्त भएको।
- वडा नं. १ देखि वडा नं. ९ सम्मका प्रधानमन्त्री रोजगार सेवा केन्द्रमा सूचिकृत ३०१ जना बेरोजगार व्यक्तिहरु मध्ये ६५ जनाले १०० दिन वराबरको काम पाएको।
- खोटेहाङ गाउँपालिकाभित्रका सडक खण्डमा सोलिङ निर्माण, नाली खन्ने तथा झाडि फाड्ने लगाएतका कार्यहरु सम्पन्न भएको।
- आर्थिक वर्ष २०८२/०८३ का लागि ५५० जना वेरोजगार व्यक्तिहरुलाई सुचिकृत गरिएको।
- हालसम्म ६ वटा श्रम स्वीकृति प्रदान गरिएको।

**गरिबी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) :**

- लघु उद्यम विकास कार्यक्रम छनौट वडा नं.८ सिम्पानी र वडा नं. ९ लिच्कीराम्चेमा १ दिने वडास्तरिय अभिमुखिकरण तथा उद्यम विकासका लागि सामाजिक परिचालन कार्यक्रम सम्पन्न गरिएको।
- वडा नं. ८ सिम्पानीमा र वडा नं.९ लिच्कीराम्चेमा व्यवसाय सम्बन्धी ८ दिने उद्यमशिलता तालिम सम्पन्न भएको। साथै वडा नं. ८ सिम्पानी र वडा नं.९ लिच्कीराम्चेमा सालको पातको दुना टपरी सम्बन्धी २ दिने सीप विकास तालिम ३४ जनाको सहभागीतामा सम्पन्न गरीएको।
- लघु वित्त र बजारीकरण सम्बन्धी तालिम वडा नं. ८ सिम्पानी र ९ लिच्कीराम्चेमा १ दिने अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको।
- वडा नं. १ लिकुवापोखरीमा गत आ.व. २०८०।८१ मा बाख्रापालन सम्बन्धी तालिम लिएका १५ जना सहभागीहरुको आवश्यकता पहिचान गरी स्तरोउन्नती तथा एडभान्स तालिम अन्तर्गत थप ७ दिनको तालिम सपन्न गरिएको। साथै सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि

कम्तिमा ५ जनाको ३ समुहमा प्रविधि हस्तान्तरण शिर्षक अन्तर्गत मेड्पा निर्देशिका २०७७ को बुदाँ नं ४१ अनुसार कार्यक्रमको ८० प्रतिशत लगानी र समूहको २० प्रतिशत लगानीमा प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत वडा नं.१ लिकुवापोखरीमा चेतनशील बाखा पालन लघु उद्यमी समूहमा उन्नतजातका ५ वटा बाखा पाठी हस्तान्तरण गरिएको

- प्रगतीशील बाखापालन लघु उद्यमी समुह र पारदर्शी बाखापालन लघु उद्यमी समूहका कृषकहरुलाई सजिलो बनाउनका लागि घाँस काटने ६ वटा चाफ कटर मेसिन वडा नं. १ मा हस्तान्तरण गरिएको।

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय :

- लक्षित वर्ग तथा अन्य वर्गको लागि सीप विकास तालिम अन्तर्गत खोटेहाङ गाँउपालिकाका ९ वटै वडाका सहभागीहरुलाई समेटी वडा नं.४ वडाकादियालेको समुदायिक भवनमा फलफुल प्रशोधन सम्बन्धी १५ दिने तालिम २० जनालाई मिति २०८२/०२/०४ देखी २०८२/०२/१८ गते सम्म प्रदान गरिएको।

शिक्षा शाखा :

- त्रैमासिक रुपमा तलव भत्ता तथा चौमासिक रुपमा दिवा खाजा रकम निकासा गरिएको। साथै कार्यसम्पादन मुल्याङ्कन तथा सम्पति विवरण सम्बन्धित निकाएमा पेश गरिएको।
- बालविकास सहजकर्ता तथा प्राथमिक शिक्षकलाई सिकाईमा आधारित र एकिकृत पाठयक्रम सम्बन्धि तालिम सञ्चालन गरि सम्पन्न गरिएको।
- शिक्षक सेवा आयोगबाट सिफारिस भएर आउने निम्नमाध्यमिक र प्राथामिक तहका शिक्षकहरुको पदस्थापन कार्य सम्पन्न गरिएको।
- विपद्को समयमा सिकाई निरन्तरताको लागि सिकाई योजना सम्वन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको।
- छैठौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको ।
- इमिस र बास्तविक विद्यार्थी सत्यापान कार्य विद्यालय निरीक्षण मार्फत गरिएको।
- विधालय निरीक्षण, अनुगमन, सुपरीवेक्षण, एस.इ.इ सहयोग कार्यक्रम सम्पन्न भएको।
- गणित, विज्ञान र अंग्रेजी विषयको स्रोत विज्ञको नियुक्ति गरिएको।
- विधालयमा अध्ययनरत छात्राहरुका लागि सेनेटरी प्याड व्यवस्थापन गरिएको।
- कक्षा ५ र कक्षा ८ को पालिका स्तरीय परिक्षा सम्पन्न गरिएको।
- युवा तथा खेलकुद अन्तर्गत सातौं अध्यक्ष कप तथा दोस्रो खोटेहाङ कप प्रतितियोगिता सम्पन्न गरिएको।

सुरक्षित आप्रवासन (सामी) शाखा :

- चालू आ.व.२०८१/०८२ मा सूचना तथा परामर्श आप्रवासी तथा सम्भावित परिवारका सदस्यहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श पुरुष १०१९ महिला ३६७ गरी जम्मा १३८६ जनालाई सूचना प्रदान गरिएको।
- खोटेहाङ गा.पा.-८ सिम्पानीका रविन परियारको २ वटा मृगौला फेल भएको भनि आवश्यक कागजात सहित निवेदन वोर्डमा प्रमाणित भई सकेपछि दाजु रमेश परियारको खातामा: रु ७,००,०००/- (अक्षरुपि सात लाख रुपैया मात्र) जम्मा भएको।
- खोटेहाङ गाउँपालिका-१, लिकुवापोखरीका केशव खड्का मलेशियामा मृत्यु भएको र नेपाल लाश ल्याउनका लागि वैदेशिक रोजगार वोर्डमा निवेदन दिईसकेको।
- खोटेहाङ गाउँपालिका-५, चिप्रिङका गोपाल विष्टको छोराहरु रोशन, रोजन र पुजन विष्ट साथै खोटेहाङ गाउपालिका-५, चिप्रिङका अनिल राईको छोरा मिसाम राईको वैदेशिक रोजगार बोर्ड मार्फत प्राप्त हुने छात्रवृत्तिको लागि कागजात पठाईएको।

- सबै वडाहरुमा बङ्गुरको पाठापाठी वितरण गरि बङ्गुर पालन प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको।
- राष्ट्रिय खोप अभियान अन्तर्गत विज्ञ केन्द्र बाट पठाएको खोपहरु संचालन गरी खोप अभियन सम्पन्न भएको ।
- वडा नं. २,७ र ९ मा बाख्रा पालन प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको साथै वडा नं.७ मा गाई/भैसीं श्रोत केन्द्र स्थापना कार्यक्रम सम्पन्न भएको।

पशु स्वास्थ्य उपचार सेवा तर्फः-

| क्रस. | समापन भएका कामहरु | पशु उपचार सेवा सङ्ख्यामा | जम्मा घर धुरि सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल उपचार | ८५६१ | लाभान्वितघर धुरि सङ्ख्या जम्मा १७२६ | |
| २ | गाईनोलोजिकल सेवा । | ९६ | | |
| ३ | माईनर सर्जिकल उपचार | १४७ | | |
| ४ | आन्तरिक परिजिवी नियन्त्रण | ११६६१ | | |
| ५ | वाह्या परिजिवी नियन्त्रण | १५७०६ | | |
| ६ | गोबर परिक्षण सेवा | ५३ | | |
| ८ | बन्ध्याकरण सेवा | सानो पशु- २३६<br>ठुलो पशु-९६ | | |
| | जम्मा पशुपन्छि सङ्ख्या | ३६,५५६। | | |

## आयुर्वेद शाखा:

१. खोटेहाङ गाउँपालिकाको वडा नं.२,३,५,८ र ९ मा गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम संचालन भएको।

२. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम भाषा मा.वि.वडकादियाले र ईन्द्राणीपोखरी मा.वि.मा सम्पन्न गरिएको।

| क्र.स. | सेवा | महिला | पुरूष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | साधारण उपचार | ३६६ | ३५४ | ७२० | |
| २ | गाउँघर क्लिनिक संन्चालन | १६४ | १५५ | ३१९ | |
| ३ | जेष्ठ नागरिक स्वास्थ्य प्रर्वद्धनात्मक कार्यक्रम | ५९ | ६३ | १२२ | |
| ४ | स्थनपायी आमालाई दुग्धवर्धक औषधी वितरण | २६ | - | २६ | |
| ५ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | ६६ | ४८ | ११४ | |
| ६ | पन्चकर्म पुर्वकर्म स्नेहनश्वदेहन / | ० | ८ | ८ | |

## विपद् व्यवस्थापनतर्फ

खोटेहाङ गाउँपालिकामा विपद्जन्य जोखिमलाई न्यूनीकरण गर्नको लागि एक विपद् व्यवस्थापन समिति रहेको छ । जसले यस आ.व. २०८१/०८२ मा रु दश लाख वजेट विनियोजन गरि विपदमा परेका व्यक्तिहरु घर परिवार

समूहलाई विपदको समयमा विपद व्यवस्थापन कार्यविधि, २०७५ अनुसार राहत रकम उपलब्ध गराउँदै आएकोछ, साथै विपद्जन्य जोखिमबाट बच्नको लागि त्रीपाल, जाली लगायत राहत सामग्री वितरण गर्ने गरिएको छ ।

आन्तारिक लेखा परिक्षण शाखा :

नियमित रुपमा आन्तरिक लेखा परिक्षण गरि पृष्ठपोषण सहितको लेखा परिक्षण प्रतिवेदन जारि गरि संपरिक्षण समेत गरिएको।

आन्तरिक राजस्वतर्फ

- पालिकाको व्याकहोलोडरले हालसम्म भाडामा विभिन्न योजनाहरुको काम गरेबापत गरेवापत जम्मा रु ४,८०,००० (चाल लाख असी हजार) आम्दानी गरेको । (जम्मा २७२ घण्टा को १५०० का दरले)
- ईन्द्रेणीपोखरी आधारभुत अस्पतालबाट हालसम्म उठेको राजश्व रु ५,२४,८२० (पाँच लाख चौबीस हजार आठ सय बीस रुपैंया मात्र)

हालसम्म वडागत राजश्वको विवरण

| क.स | वडा नं | रकम |
|---|---|---|
| १ | १ | २७०९०४।०९ |
| २ | २ | ६४६४२६ |
| ३ | ३ | १८९९२७।७५ |
| ४ | ४ | ३४९६१५ |
| ५ | ५ | ३११९०८६ |
| ६ | ६ | २२७२०५ |
| ७ | ७ | २५५८१६ |
| ८ | ८ | २७३७३६ |
| ९ | ९ | २६९७८३।५० |
| | जम्मा | २८०२४९९।३४ |

**निर्णय नं.२:** प्रस्ताव नं. २ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको आ.व. २०८२।८३ को नीति, कार्यक्रम तथा बजेट देहाय बमोजिम हुने गरी स्वीकृत गरी आगामी गाउँ सभामा पेश गर्ने निर्णय सर्वसम्मतबाट।

**खोटेहाङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम**

**गाउँ सभाको सत्रौं अधिवेशनका उपाध्यक्षज्यू,**
**गाउँ सभा सचिवज्यू,**
**गाउँ सभा सदस्यज्यूहरु,**

खोटेहाङ गाउँपालिकाको सर्वाङ्गीण विकास ,दिगो शान्ति ,समृद्दि र समतामूलक समाज निर्माणको आकांक्षा पूरा गर्ने संकल्प सहित गाउँ सभाको सत्रौं अधिवेशनको बैठकमा आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरिरहको छु। यस बैठकमा उपस्थित सम्पूर्णमा म सहृदय स्वागत र अभिवादन गर्न चाहन्छु ।

यस गरिमामय क्षणमा नेपालको सार्वभौमसता ,स्वाधीनता ,भौगोलिक अखण्डता ,राष्ट्रियता ,लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि इतिहासका विभिन्न काल खण्डहरुमा भएका गौरवपूर्ण संघर्ष तथा आन्दोलनमा

ाहुती गर्नुहुने सम्पूर्ण वीर शहिदहरुप्रति श्रद्दा सुमन अर्पण गर्न चाहान्छु । सशस्त्र संघर्ष तथा जन नका घाईते ,वेपत्ता नागरिक एवं द्वन्दपिडितहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

ा तहको दोस्रो निर्वाचनमा खोटेहाङ गाउँपालिकाको भाग्य र भविष्य निर्माणका लागि हामीलाई विश्वास पफ्नो अमूल्य मत दिई निर्वाचित गराईदिनु हुने सम्पूर्ण नागरिकहरु प्रति आभार व्यक्त गर्न चाहान्छु। भा मार्फत खोटेहाङ गाउँपालिकाको समावेशी, स्वावलम्बी र समृद्द खोटेहाङको सपना साकार पार्न हर प्रयत्नरत रहने प्रतिबद्दता समेत व्यक्त गर्न चाहान्छु र यस प्रयत्नमा खोटेहाङ गाउँपालिकावासी सवै रवालाहरुले रचनात्मक सहयोग गर्नुहुनेछ भन्ने विश्वास र अपेक्षा गर्न चाहन्छु।

ाङ गाउँपालिकासँग सम्भावनाहरुको प्रचुरता रहेको छ। हामीसँग प्रशस्त उर्वर भूमी छन्। सिँचाईका लागि प्त खोलाहरु र नदिनालाहरु छन्। पर्यटकीय सम्भावनायुक्त प्राकृतिक ,साँस्कृतिक ,ऐतिहासिक सम्पदाहरु जाँगरिला र उर्जावान यथेष्ट मानवपूँजी छ। घना ,सुन्दर र उपयोगी वनजंगल ,सयौं प्रकारका जडिबुटी , नीय सीप र उत्पादन हामीसँग छ । सबैभन्दा महत्वपूर्ण कुरा हामीसँग गाउँपालिकाको सुनौलो भविष्यको ा संकल्प छ र यहाँहरुको अमूल्य साथ छ।

हामीमाझ थुप्रै चुनौतीहरु पनि छन्। सिमित स्रोत साधनको समुचित प्रयोगबाट अथाह स्थानीय आवश्यकता जन अपेक्षालाई हामीले पुरा गर्नु पर्नेछ । जनताका अनगिन्ती चाहानाहरु प्रत्यक्ष रुपमा स्थानीय तहसँग ाडिएका हुन्छन ,हरेक आवश्यकता र चाहानाहरुको समयानुकुल सम्बोधन हामीले गर्नुपर्नेछ । हामीले विकास समृद्दिको अभियानमा अपेक्षित जनसहभागीता सुनिश्चित गर्नुपर्नेछ । विकासको दिगोपना ,गुणस्तरीयता , जनजिविका ,समता र सहभागीतासंगको सन्तुलन कायम गर्नुपर्नेछ । सबल र स्वाबलम्वी अर्थतन्त्रको निर्माण गर्दै स्वस्थ ,सभ्य ,मर्यादित एवं दक्ष मानवपूँजि सहितको समाज निर्माण गर्नुपर्नेछ । र विकासका सवै क्षेत्र-उपक्षेत्रहरुको सन्तुलित र तीव्र विकास गर्नुपर्नेछ ।

**गाउँ सभा सदस्यज्यूहरु,**

उल्लेखित सम्भावना ,चुनौती ,हाम्रा साझा संकल्प र प्रतिवद्दताहरुलाई मध्यनजर गर्दै ,विषयगत समितिहरुको सुझाव ,सरोकारवालाहरुको सुझाव ,गाउँकार्यपालिकाका निर्णयहरु ,विगतका असल अभ्यास लगायतका विषयहरुलाई ग्रहण गर्दै अब म आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## क .आर्थिक विकास क्षेत्र

### कृषि तथा पशु सेवा

- खोटेहाङ गाउँपालिका वडा नं. ४ मा निर्माणाधिन कृषि उपजको भण्डारण तथा शित गृह निर्माणको कार्य सम्पन्न भए पश्चात त्यसलाई उपयोगमा ल्याउन आवश्यक कानून तर्जुमा गरि संचालनमा ल्याइनेछ।
- कृषि तथा पशु बीमा कार्यक्रममा गाउँपालिका भरिका सबै कृषकहरुको सरल र सहज पहुँच पुगोस् भन्ने हेतुले कृषि तथा पशु बीमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- चिया, कफी र च्याउ खेति बिकास कार्यक्रम, मसाला बाली प्रबर्द्बन कार्यक्रम, मागमा आधारित अनुदान कार्यक्रम, फलफूल खेति, वैकल्पिक खेति, व्यवसायिक कृषिका लागी सामूहिक खेति ,पकेट ,ब्लक कार्यक्रम र सहकारितामा आधारित कृषिको अवधारणा कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।
- कृषि क्षेत्रलाई आधुनिकिकरण, यान्त्रीकिकरण र व्यवसायीकीकरण गर्नका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- खोटेहाङ गाउँपालिकाका कृषकहरुले उत्पादन गरेका कृषि जन्य उत्पादनहरु बीच प्रतिस्पर्धा गराइ सम्भाव्य उत्पादन र उत्पादकत्व वृद्दि गर्दै कृषकहरुलाई उत्प्रेरित र प्रोत्साहन गर्नका निम्ति कृषि मेला तथा पुरस्कारको व्यवस्था गरिने छ।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको वडा नं. ४ मा निर्माणाधिन रहेको कृषि उपजको भण्डारण गृह तथा शित गृह  निर्माण आयोजना (ठेक्का नं. KRM/Works/NCB-03/079-080) को पालिकाबाट खुला सिलबन्दी बोलपत्र आह्वान भइ खोटेहाङ गाउँपालिका, खोटाङ र श्री आर.एस./वि.के.एस.के. जे.भि., काठमाडौं बीच मिति २०७९।०११।२८ गते सम्झौता रकम रु ४,२४,७६,८२२।३४ (VAT र PS सहित) मा ठेक्का सम्झौता भइ निर्माण कार्य अगाडि बढिरहेकोमा हाल आएर उक्त ठेक्काको BOQ मा उल्लिखित निर्माण सामग्री मध्ये Transformer 125 KVA हाल बजारमा उपलब्ध हुन छाडेको र सो आयोजनालाई Transformer 125 KVA भए पर्याप्त हुने भएको कारणले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम देहायको इस्टिमेटमा हुने गरी निर्माण व्यवसायीलाई सोही आयोजनामा तपसिलको काम गराउने गरी भेरिएसन गर्ने निर्णय सर्वसम्मतले पारित गरि आजको कार्यपालिका बैठक समापन गरियो।

**Project: Krishi Upajko Bhandaran Griha Tatha Sheet Griha Nirman**
**Location:- Khotehang Rural Municipality -04**

## Revised BILL OF QUANTITY

| S.N. | Description | Unit | Quantity | Estimated Rate | Contractor submitted Pervious 11% Discount Rate | Contractor submitted Current Rate | Total Amount |
|---|---|---|---|---|---|---|---|
| 1 | Supply, Delivery, Installation and Testing of Two Pole Structure for100 KVA copper wound Transformer from Nearby NEA 11 KV Distrubution Feeder11 / 0.4 kv 100 kVA 3 phase transformer with all complete set NEA standard - 1 No. a. 100 kVA Transformer (NEA standard - 1 No.) b. 11 kv Drop Out Fuse Complete Set ( three nos. =1 set )c. 9KV R.M.S.Lightning Arrestor Complete set ( three nos.= 1 set )d. 11 kv Pin Insulator with Spindlee. 11 kV Lighting arrester - 1 setf. 100*50*6.4*2200 mm Galvanized Channelg. MCCB 800 Ampshort circuitCurrent 36 kA for 1 sec(Mitsubishi or equivalenth. Earthing set for L A & Tra Neutrali. Different size cable socket, nut bolts and other small materials -1 setj. MCCB BoxWith accessorries k. TOD Meter - 1 setl. TOD Meter Box - 1 set & and other metal structure as per instruction and requirement all complete. | set | 1.00 | 893054.00 | 794818.06 | 748000 | |
| | | | | | | | |
| | | | | | Consutruction Cost | 748000 | |
| | | | | | 13% vat of Construction Cost | 97240 | |
| | | | | | Total Cost | 845240 | |

**निर्णय नं.७:** प्रस्ताव नं. ७ को विविध सम्बन्धमा छलफल गर्नुपर्ने कुनै विषय नरहेकोले आजको बैठक समापन गरियो।